नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या ०७४/०७५
च.नं. :- ८६

मिति:- २०७४/०५/ ०४

विषय : सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय,
७४ ।

उपरोक्त बिषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. ३।वन।०७४।७५ च.न. ८७ मिति २०७४।०४।१९ मा सुझाव सम्बन्धी विषयको पत्र छायांप्रति यसैसाथ संलग्न छ । व्यहोरा सोहीबाट अवगत गरि निर्णय कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

महानिर्देशक
......................
कृष्ण प्रसाद आचार्य
(महानिर्देशक)

बोधार्थ :

श्री वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

प्र.का.द.नं. १३५
०७४।४।२२

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं.३

पत्र संख्या :- ३/वन/०७४/७५
चलानी नं. :- ८६

मितिः-२०७४/०४/१९

गोप्य/अत्यन्त जरुरी

विषयः- सुझाव सम्बन्धमा ।

श्री वन तथा भू-संरक्षण मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुरमा दर्ता हुन आएको उ.द.नं.२५६ मिति २०७१/१०/२० को बाँके जिल्ला साविक चिसापानी गा.वि.स. वडा नं.८ मा पर्ने वृन्दावन मध्यवर्ति सामुदायिक वन क्षेत्रभित्र आ.व. ०६३/६४ मा हावा हुरीका कारण ढलेका करिव १००० वटा सालका रुखहरु कटान मुछान गरी मिलेमतोमा कम मूल्यमा ठेकेदारलाई विक्री गरी प्राप्त आम्दानी हिनामिना गरेको भन्ने उजुरीका सम्वन्धमा प्राप्त मिसिलसाथ संलग्न कागजातहरुको अध्ययन गर्दा आर्थिक अनियमितता भए गरेको नदेखिए तापनि लेखा परीक्षणको क्रममा लेखापरीक्षकले औंल्याएका त्रुटिहरु सच्याएको देखिएन। साथै, भएका श्रोत साधनहरु पनि उपभोग गर्न सकिने अवस्था हुँदा हुँदै पनि प्रयोग नभई दिनानुदिन जीर्ण वन्दै गएको देखिन्छ। वन ऐन, २०४९ को परिच्छेद ५ ले सामुदायिक वन सम्बन्धी व्यवस्था गरेको र उक्त व्यवस्था वमोजिम सामुदायिक वनले आफ्नो स्वीकृत कार्य योजना बमोजिम काम गरे/नगरेको सम्बन्धमा अनुगमन गर्ने निकाय सम्बन्धित जिल्ला वन कार्यालय भएकोले सो कार्यालयबाट अनुगमन गर्नुपर्ने देखिन्छ। तसर्थ सामुदायिक वनमा भए गरेका गतिविधिहरुलाई अनुगमन गर्ने प्रकृया फितलो देखिन आएकोले सम्पूर्ण जिल्ला वन कार्यालयहरुबाट नियमित रुपमा सामुदायिक वनहरुको अनुगमन गरी सामुदायिक वनको कार्य संचालनलाई व्यवस्थित गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा १ को खण्ड (ख) र (ग) बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयलाई सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०७४/०३/२८ मा निर्णय भएको हुँदा निर्णयानुसार गर्नु हुन अनुरोध छ।

(ध्रुव वहादुर वोगटी)
केमिष्ट अधिकृत

सचिवालय
१।१९८
२०७४।४।२२